# क्याथोलिक मेडिकल सेन्टर

# आर्थिक सहायता नीति र कार्यविधि

### संशोधित मिति: मार्च 2024

#### उद्देश्य

समुदायको लागि उच्च गुणस्तरको स्वास्थ्य र कल्याण सेवाहरू प्रदान गर्ने आफ्नो लक्ष्यअनुरूप, क्याथोलिक मेडिकल सेन्टर र यसका रोजगार प्रदानकर्ताहरू (सामूहिक रूपमा, CMC) आपतकालीन वा चिकित्सकीय रूपमा आवश्यक उपचारको खाँचोमा परेका बीमा नगरिएका र कम बीमा भएका, तर तिनीहरूका जिम्मेवारी भएका सेवाहरू वा बाँकी रकमहरूको लागि भुक्तान गर्ने वित्तीय साधनहरू नभएका व्यक्तिहरूलाई आर्थिक सहायता प्रदान गर्न प्रतिबद्ध रहेका छन्।

यो नीतिको उद्देश्य NH RSA 151:12-b, आन्तरिक राजस्व संहिता खण्ड 501(r) र 2010 को बिरामी संरक्षण र किफायती हेरचाह ऐनका आवश्यकताहरूको पालना गर्नु हो। यी आवश्यकताहरूअनुसार, CMC को आर्थिक सहायता नीतिअन्तर्गत आर्थिक सहायताको लागि योग्य कुनै पनि बिरामी वा बीमा नगरिएका बिरामीहरूलाई आपतकालीन वा चिकित्सकीय रूपमा आवश्यक हेरचाहको लागि बीमित बिरामीहरूलाई सामान्यतया बिल गरिने (AGB) रकम भन्दा बढी शुल्क लगाइने छैन।

#### नीति

हेरचाहलाई आपतकालीन हेरचाह वा चिकित्सकीय रूपमा आवश्यक हेरचाह मानिएको अवस्थामा र बिरामीहरूले सबै आर्थिक मापदण्डहरू पूरा गरेपछि मात्र आर्थिक सहायता प्रदान गरिन्छ।

न्यु ह्याम्पसायर र CMC को प्राथमिक र माध्यमिक सेवा क्षेत्रका बासिन्दाहरूलाई आर्थिक सहायता उपलब्ध रहेको छ। CMC द्वारा निर्धारित असाधारण परिस्थितिको लागि CMC को विवेकमा सीमित आधारमा मात्र यी क्षेत्र बाहिरका बासिन्दाहरूसम्म यसलाई विस्तार गर्न सकिन्छ।

आर्थिक सहायताको लागि योग्य हुने मुख्य कारक अन्य उपलब्ध सम्पत्तिहरूलाई ध्यानमा राखी बिरामीको वा जमानी बस्ने व्यक्तिको आम्दानीको स्तर हुनेछ। आर्थिक सहायताको लागि योग्यता हुन सक्ने अन्य परिस्थितिहरू: बेरोजगारीका कारण भएको कठिनाइ, बिरामी, मृत्यु वा उपचारको अभाव हुन्। यद्यपि, यस नीतिका उद्देश्य अनुरूप, CMC ले योग्यताका लागि अन्य आधारहरू निर्धारण गर्न मामिलाको आधारमा छुट्टाछुट्टै आवेदनहरूको सामग्री समीक्षा गर्ने र तिनीहरू माथि विचार गर्ने अधिकार सुरक्षित राख्दछ।

यस नीतिअन्तर्गत योग्यता माथि विचार गर्नुभन्दा अगाडि आर्थिक सहायता चाहने बिरामीहरूलाई पहिले सार्वजनिक वा निजी बीमा कार्यक्रमहरू, जस्तै मेडिकेड वा सार्वजनिक बजारमार्फत बीमाको लागि आवेदन दिन अनुरोध गर्न सकिन्छ। यसका अतिरिक्त, स्वास्थ्य बीमा खरिद गर्ने आर्थिक क्षमता भएको विश्वास गरिएको कुनै पनि बीमा नगरिएका बिरामीहरूलाई स्वास्थ्य सेवामा पहुँच र समग्र कल्याण सुनिश्चित गर्नमा मद्दत गर्नको लागि त्यसो प्रोत्साहित गर्न सकिन्छ।

आर्थिक सहायताको लागि योग्य नहुने बीमा नगरिएका र कम बीमा नगरिएका बिरामीहरूलाई लिखित रूपमा सूचित गरिनेछ। बिरामीलाई आर्थिक सहायता प्रदान नगरिएको अवस्थामा खातालाई स्व-भुक्तानी खातामा रूपान्तरण गरिनेछ र सबै खाताहरूको लागि मानक सङ्कलन नीतिहरू पालना गर्नेछ। भुक्तानीका लागि अतिरिक्त वित्तीय विकल्पहरू छुटसहित उपलब्ध हुन सक्छन्।

#### परिभाषाहरू

- **आर्थिक सहायता:** यस नीतिद्वारा स्थापित मापदण्डहरू पूरा गर्ने बिरामीहरूबाट पूर्ण भुक्तानीको अपेक्षा नगरी प्रदान गरिने आपतकालीन वा चिकित्सकीय रूपमा आवश्यक सेवाहरू।
- **चिकित्सकीय रूपमा आवश्यक:** अस्पताल सेवा जीवनलाई खतरामा पार्ने, पीडा वा दुखाइ निम्त्याउने, खराबीको शारीरिक विकृति निम्त्याउने, अपाङ्गता निम्त्याउने वा बढ्ने जोखिम हुने वा परिणाम स्वरूप समग्र रोग वा दुर्बलता हुने समस्याहरूको सुरुवात हुन वा बिग्रिनबाट निदान, निर्मुल, सुधार,

उपचार वा रोकथाम गर्नको लागि बिरामीलाई CMC द्वारा प्रदान गरिने सेवाहरू। यी सेवाहरू अन्तरङ्ग वा बहिरङ्ग दुवै आधारमा प्रदान गर्न सकिन्छ।

- **आकस्मिक हेरचाह:** बिरामीको स्वास्थ्यलाई गम्भीर खतरामा पार्न, शारीरिक कार्यहरूमा गम्भीर कमजोरी र/वा कुनै अङ्ग वा शरीरका भागहरूको गम्भीर दुर्बलता (शरीरको कुनै अङ्गले सामान्य रूपमा काम नगर्ने) लाई रोकथाम गर्नको लागि आवश्यक तत्काल हेरचाह।
- **अत्यावश्यक सेवा:** तुरुन्तै ज्यान जोखिममा नपर्ने, तर 12-24 घण्टाभित्र उपचार नगरेमा रोग वा चोटपटक, अशक्तता, मृत्यु वा गम्भीर कमजोरी वा दुर्बलताको सुरुवात हुन सक्ने चिकित्सा समस्याहरूको उपचार गर्न चिकित्सकीय रूपमा आवश्यक हेरचाह।
- स्वास्थ्यसेवा प्रदानकर्ताहरूमा जवाफदेहिता।
- **कम बीमा गरिएको:** बीमित बिरामीहरू जसको आफैले भुक्तान गर्ने (out-of-pocket) चिकित्सा लागत बिरामीलाई आर्थिक बोझ हुनेछ।
- **सामान्यतया बिल गरिने रकम (AGB):** आकस्मिक वा चिकित्सकीय रूपमा आवश्यक हेरचाहको लागि बीमित बिरामीहरूलाई बिल गर्दा CMC ले भुक्तानी गर्न अपेक्षा गरेको औसत रकम। यो छुट कसरी निर्धारण गरिन्छ भन्ने जान्नको लागि "छुट रकम निर्धारण गर्ने प्रक्रिया" हेर्नुहोस्।
- **कुल शुल्कहरू:** कुनै पनि छुट, सम्झौतासम्बन्धी भत्ता वा कटौती रकमहरू लागू गर्नुभन्दा अगाडि वस्तु र सेवाहरूको लागि CMC द्वारा लिइने पूर्ण रकम।

**प्रक्रियाहरू**

*योग्यता*

तलको तालिकामा देखाइएअनुसार बीमा नगरिएका वा कम बीमा गरिएका र संघीय गरिबी निर्देशिका (FPG) को 300% वा सोभन्दा कम घरपरिवार आम्दानी भएका बिरामीहरूले CMC को आर्थिक सहायता नीतिअन्तर्गत परोपकारी हेरचाह प्राप्त गर्न सक्दछन्। FPG को 226% र 300% बीचको वार्षिक पारिवारिक आम्दानी भएका व्यक्तिहरू कुल शुल्कको बिरामीको भागमा परोपकारी छुटका लागि योग्य हुनेछन्। FPG को 225% भन्दा कम वार्षिक घरायसी आम्दानी भएका व्यक्तिहरू कुल शुल्कको बिरामीको भागबाट पूर्ण परोपकारी छुटको लागि योग्य हुनेछन्।

**CMC स्वामित्व / गोपनीय** **3/2024 मा**

**अद्यावधिक गरिएको**

**लागू हुने मिति 04/01/2024 – 3/31/2025**

## 2024-2025 का मार्गदर्शनहरू

*लागू हुने मिति 04/01/2024-03/31/2025*

| | | 0 - 225% FPL स्तर 1 (100% छुट) | | 226% - 250% FPL स्तर 2 (90% छुट) | | 251% - 300% FPL स्तर 3 (75% छुट) | |
|---|---|---|---|---|---|---|---|
| **परिवारको आकार** | **100% FPL** | **मासिक आम्दानी = वा <** | **वार्षिक आम्दानी = वा <** | **मासिक आम्दानी = वा <** | **वार्षिक आम्दानी = वा <** | **मासिक आम्दानी = वा <** | **वार्षिक आम्दानी = वा <** |
| **1** | $15.060,00 | $2.823,75 | $33.885,00 | $3.137,50 | $37.650,00 | $3.765,00 | $45.180,00 |
| **2** | $20.440,00 | $3.832,50 | $45.990,00 | $4.258,33 | $51.100,00 | $5.110,00 | $61.320,00 |
| **3** | $25.820,00 | $4.841,25 | $58.095,00 | $5.379,17 | $64.550,00 | $6.455,00 | $77.460,00 |
| **4** | $31.200,00 | $5.850,00 | $70.200,00 | $6.500,00 | $78.000,00 | $7.800,00 | $93.600,00 |
| **5** | $36.580,00 | $6.858,75 | $82.305,00 | $7.620,83 | $91.450,00 | $9.145,00 | $109.740,00 |
| **6** | $41.960,00 | $7.867,50 | $94.410,00 | $8.741,67 | $104.900,00 | $10.490,00 | $125.880,00 |
| **7** | $47.340,00 | $8.876,25 | $106.515,00 | $9.862,50 | $118.350,00 | $11.835,00 | $142.020,00 |
| **8** | $52.720,00 | $9.885,00 | $118.620,00 | $10.983,33 | $131.800,00 | $13.180,00 | $158.160,00 |
| **9** | $58.100,00 | $10.893,75 | $130.725,00 | $12.104,17 | $145.250,00 | $14.525,00 | $174.300,00 |
| **10** | $63.480,00 | $11.902,50 | $142.830,00 | $13.225,00 | $158.700,00 | $15.870,00 | $190.440,00 |
| प्रत्येक अतिरिक्त व्यक्ति थप गर्नुहोस् | $5.380,00 | | | | | | |

आर्थिक सहायताको योग्यता निर्धारण गर्न बिरामीहरूले पूरा भएको आर्थिक सहायता आवेदन (आवेदनलाई आवश्यक पर्ने सबै कागजातहरूसहित) पेश गर्नुपर्ने हुन्छ र अस्पतालका वित्तीय सल्लाहकारहरूसँग भेटघाट वा छलफल गर्नुपर्ने हुनसक्छ।

बिरामीको योग्यता निर्धारण गरेको बेलामा, CMC ले जाति, लिङ्ग, उमेर, यौन झुकाव, धार्मिक सम्बद्धता वा सामाजिक वा आप्रवासी स्थितिलाई ध्यानमा राख्दैन।

घरबारबिहीन मानिसहरू आर्थिक सहायताको लागि योग्य मानिन्छन् र उनीहरूले आफ्ना विकल्पहरूको बारेमा छलफल गर्न CMC को घुम्ती सामुदायिक स्वास्थ्य टोलीमार्फत (603) 663-8718 मा वा व्यक्तिगत रूपमा 199 Manchester St., Manchester, NH 03103 मा सम्पर्क गर्न सक्दछन्। घरबारविहीन मानिसहरूको लागि स्वास्थ्य हेरचाह कार्यक्रमले प्रत्येक पटक भ्रमणमा सुरुमा बिरामीको मासिक आम्दानी र बीमा अवस्था प्रमाणित गर्दछ। वार्षिक संघीय गरीबी निर्देशिकाहरूमा आधारित "स्लाइडिङ शुल्क स्केल" तालिकाको निर्देशिकाहरू प्रयोग गरेर अति न्यून शुल्क निर्धारण गरिन्छ।

बिरामीहरूलाई तिर्न बाँकी भनेर टिपिएको रकम हिसाब गर्नका लागि र AGB छुट रकम निर्धारण गर्नका लागि

CMC ले आकस्मिक वा चिकित्सकिय रूपमा आवश्यक हेरचाहको लागि आर्थिक सहायता पाउन योग्य भएका बिरामीहरूलाई सामान्यतया बीमा गरिएका बिरामीहरूलाई लिइने रकमभन्दा बढी शुल्क लिइने छैन। आर्थिक सहायताका लागि योग्य सेवाहरूमा आपतकालीन वा अत्यावश्यक हेरचाह, CMC द्वारा चिकित्सकिय रूपमा आवश्यक मानिने सेवा र सामान्यतया, बिरामीको स्वास्थ्य बिग्रिएर मृत्यु हुने वा प्रतिकूल प्रभावहरू नहोस् भनेर गैर-ऐच्छिक र आवश्यक पर्ने हेरचाह समावेश हुन्छ। कुन-कुन सेवाहरू विशुद्ध रूपमा ऐच्छिक मानिन्छन् भन्ने निर्धारण गर्ने कुरा CMC मा रहन्छ। बाह्य देखावटी रूपमा मात्र सुधार ल्याउन खोज्ने प्रक्रियाहरू आर्थिक सहायता नीतिले समेट्दैनन्।

आर्थिक सहायताको लागि योग्य रहेका बीमा नभएका बिरामीहरूसँग उस्तै किसिमका हेरचाह समेट्ने बीमा भएका व्यक्तिहरूलाई सामान्य रूपमा बिल गरिएको रकम (AGB) भन्दा बढी शुल्क लिन सकिँदैन। बिरामीको सन्तुलनको AGB कटाएको रकम IRS 501(r) नियमहरूमा आधारित रहेको छ र आपतकालीन वा चिकित्सकीय रूपमा आवश्यक हेरचाहमा मात्रै लागू हुन्छ। सेवा र सबै निजी स्वास्थ्य बीमाकर्ताहरूको लागि मेडिकेयर शुल्कको 12 महिनाको भुक्तानी दावीहरूको लुक-ब्याक विधि प्रयोग गरेर कटाएको रकमको हिसाब गरिन्छ। AGB प्रतिशत भुक्तानी दावीहरूको लागि हालैको 12 महिनाको डाटाको आधारमा वार्षिक रूपमा अद्यावधिक गरिन्छ।

यदि तपाईंसँग कुनै प्रश्नहरू रहेका छन् वा अस्पतालको सामान्य रूपमा बिल गरिएको रकम (AGB) को हिसाबको बारेमा थप जानकारी चाहनुहुन्छ भने, कृपया (603) 663-8772 वा (603) 663-6780 मा सम्पर्क गर्नुहोस् र हाम्रा वित्तीय सल्लाहकारमध्ये एकसँग कुराकानी गर्नुहोस्।

एकपटक बिरामीलाई CMC को आर्थिक सहायता नीतिअनुसार आर्थिक सहायताको लागि योग्य छ भनेर निर्धारण गरिसकेपछि, बिरामीको बाँकी रकममा, माथि उल्लेख गरिएको स्लाइडिङ तालिकाद्वारा निर्धारित छुट लागू हुन्छ।

CMC मा आकस्मिक वा चिकित्सकीय रूपमा आवश्यक हेरचाह प्राप्त गरेर आफै पैसा तिर्ने बिरामीहरूले आर्थिक सहायताको लागि स्विकृत नगरेका मानिसहरूले बिलिङको समयमा AGB बराबरको कुल शुल्कमा गरीबलाई सहायता गर्ने परोपकारी छुट पाउनेछन्। यो छुट कुनै पनि सह-भुक्तानी, सह-बीमा वा कटौती योग्य रकमहरूमा लागू हुँदैन।

*आर्थिक सहायताको लागि आवेदन दिने प्रक्रिया*

आवेदन, CMC को आर्थिक सहायता नीतिले समेटेका प्रदानकर्ताहरूको सूची र नीतिको सरल भाषाको सारांश निम्न स्थानहरूमा उपलब्ध रहेका छन्:

- संस्थाको भवन, 195 McGregor St. 3rd Floor, Manchester, New Hampshire, 03102 मा
- यदि (603) 663-6922 वा (603) 663-6780 मा फोनद्वारा अनुरोध गरिएको खण्डमा, मेलमार्फत।
- यदि मेलिङको लागि अनुरोध गरिएको खण्डमा, मेलमार्फत: CMC Billing Department, 195 McGregor St., Manchester, New Hampshire, 03102
- www.catholicmedicalcenter.org मा अनलाइनमार्फत

आर्थिक सहायताका आवेदनहरू अङ्ग्रेजी, स्पेनी र नेपाली भाषामा उपलब्ध छन्।

आर्थिक सहायताको लागि योग्य हुनको लागि, बिरामीहरूले मेडिकेयर, मेडिकेड र अन्य संघीय, राज्य वा निजी बीमा विनिमय कार्यक्रमहरू लगायत आवश्यक भएमा वैकल्पिक सहयोगको खोजी गर्न अस्पताललाई सहयोग गर्नुपर्दछ। यदि बिरामीले उपलब्ध कार्यक्रमको लागि आवेदन दिन वा पालना गर्न अस्वीकार गरेको खण्डमा, बिरामीको आर्थिक सहायता आवेदन स्वतः अस्वीकार गरिनेछ।

उपलब्ध सम्पत्तिहरू निर्धारण गर्ने उद्देश्यका लागि, सम्पत्तिहरूमा निम्न कुराहरू समावेश रहेका छन्: बचत, भरणपोषण भत्ता, डिपोजिट, IRA को, स्टक, ऋणपत्र, 401ks र म्युचुअल फन्डहरूको प्रमाणपत्र। परोपकारी हेरचाहको लागि बिरामीलाई योग्य बनाउने उद्देश्यका लागि सम्पत्तिको रकम हिसाब गर्दा, प्रत्येक परिवारलाई निम्न कुराको अनुमति दिइन्छ (i) एक व्यक्तिको लागि $ 5,000 र परिवारको लागि $ 10,000 सम्मको बचत, (ii) सेवानिवृत्ति खाताहरू (जसमा IRA को स्टक, ऋणपत्र, 401ks र म्युचुअल फन्डहरू समावेश हुन्छ) $100,000 सम्मको आश्रय, 54 वर्षसम्मका आवेदकहरूलाई $200,000 सम्मको आश्रय भएको प्राथमिक निवासको स्वामित्व र 55 वर्ष वा सोभन्दा माथिका उमेरका आवेदकहरूको लागि $250,000 सम्मको आश्रय प्राथमिक निवासमा स्वामित्व। सबै ट्रस्ट कोष भुक्तान र कोष पहुँच गर्ने क्षमताको कागजपत्र आवश्यक हुन्छ।

पारिवारिक आम्दानीमा तलब, बेरोजगारी क्षतिपूर्ति, बालबालिका सहायता, कुनै पनि चिकित्सासम्बन्धि सहायता दायित्व, भरणपोषण भत्ता, सामाजिक सुरक्षा आम्दानी, असक्षमता भुक्तानी र पेन्सन वा सेवानिवृत्ति खाताहरू समावेश रहेका छन्। निम्न कुरालाई पारिवारिक आम्दानीबाट हटाइएको छ: अपरिवर्तनीय ट्रस्ट र संघीय वा राज्यद्वारा सञ्चालित कलेज बचत योजनाहरू। अपरिवर्तनीय ट्रस्टहरूलाई लाभार्थीको अनुमति बिना परिमार्जन वा समाप्त गर्न सकिँदैन र अनुदानकर्तासँग स्वामित्वको कुनै अधिकार हुँदैन।

आवेदन पूरा गर्नुका अतिरिक्त, व्यक्तिहरू निम्न कागजातहरू दिनको लागि तयार हुनुपर्दछ:

- दुईवटा पूर्ण लगातारको बैङ्क विवरण
- आवेदक (र यदि लागू भएमा पति/पत्नी) को लागि आम्दानीको प्रमाण, जस्तै (2) भर्खरैको तलबको अर्धकट्टी, बेरोजगारी बीमा, सामाजिक सुरक्षा लाभ, असक्षमता क्षतिपूर्ति, पेन्सन लाभ, कामदारको क्षतिपूर्ति लाभहरू
- भुक्तानी वा प्राप्त बाल सहयोग
- बिरामीहरूले हाल आर्थिक रूपमा आफूलाई कसरी सहयोग गरिरहेका छन् भन्नेबारे पर्याप्त जानकारी
- हालको संघीय कर फिर्ताको प्रतिलिपि
- अहिलेको W2 को प्रतिलिपि
- फुड स्ट्याम्प बाँडफाँडको प्रतिलिपि
- मार्केटप्लेस प्रिमियम कठिनाइको प्रमाण

यदि न्यु ह्याम्पसायर राज्यको स्वास्थ्य र मानव सेवा विभागले बिरामीलाई बीमा गर्न अस्वीकार गरेको खण्डमा, बिरामीले सो अस्वीकार गरेको कुराको प्रमाण प्रदान गर्नुपर्दछ।

माथि सूचीबद्ध गरिएका कागजातहरू नभएका, CMC को आर्थिक सहायता नीतिको बारेमा प्रश्नहरू भएका वा वित्तीय सहायता आवेदन पूरा गर्न सहयोग गर्न चाहने व्यक्तिहरूले हाम्रा वित्तीय सल्लाहकारहरूलाई (603) 663-8772 वा (603) 663-6780 मा सम्पर्क गर्न सक्छन्।

निम्न तरिकामा योग्य उम्मेद्वारहरूलाई आर्थिक सहायता पुरस्कार प्रदान गरिनेछ:

- स्वीकृत आवेदनले अन्यथा निर्दिष्ट आवेदनको मितिभन्दा एक वर्ष अगाडि सेवाका मितिहरू भएका सबै विवरणहरू समेट्नेछ।
- स्वीकृत आवेदनले आवेदनको मितिबाट 6 महिनासम्मको सेवाको मिति वा 65 वर्षभन्दा माथिका र सामाजिक सुरक्षा भुक्तानी प्राप्त गर्ने बिरामीहरूको लागि आवेदन दिएको मितिदेखि 1 वर्षसम्मको भविष्यको खाताहरू समेट्नेछ।
- 65 वर्षभन्दा माथिका र सामाजिक सुरक्षा भुक्तानीहरू प्राप्त गर्ने बिरामीहरूको लागि छ महिना वा 1 वर्षको म्याद सकिएपछि, बिरामीले पुन: आवेदन दिनु पर्दछ र निरन्तर आर्थिक सहायता स्थितिको लागि सबै उपयुक्त कागजातहरू उपलब्ध गराउनु पर्दछ।

*भुक्तानी नगरेको अवस्थामा गरिने कारबाही*

यदि आर्थिक सहायताको आवेदन र/वा भुक्तानी प्राप्त नभएमा CMC ले गर्न सक्ने सङ्कलन कार्यहरू, बिलिङ र सङ्कलन नीतिमा वर्णन गरिएको छ। हामीले वा हाम्रा बाहिरी एजेन्सीका प्रतिनिधिहरूले तपाईंको बिल सङ्कलन गर्न केही कदम चाल्नुभन्दा अगाडि CMC ले बिरामीहरूलाई हाम्रो आर्थिक सहायता नीतिको बारेमा जानकारी उपलब्ध गराउन निश्चित प्रयास गर्नेछ।

बिरामीहरूसँग आर्थिक सहायताको लागि आवेदन दिनको लागि पहिलो बिल पाएको मितिबाट 240 दिन हुन्छ। CMC मा पूरा भएको आवेदन पेश गर्नको लागि समय दिनको लागि सबै सङ्कलन गर्ने क्रियाकलाप 15 दिनको लागि रोकिनेछ। यदि जानकारी अपूर्ण भएको वा हराएको कारण बिरामीलाई आवेदन फिर्ता गरियो भने, बिरामीसँग सहायक कागजातहरू सहित पूर्ण आवेदन पुन: पेश गर्न 15 दिन हुन्छ। 15 दिन पछाडि, यदि आवेदन प्राप्त भएन भने, सङ्कलन गर्ने क्रियाकलाप सुरु हुनेछ।

यसका चरणहरू बारेमा रहेका थप जानकारीको लागि, CMC ले हाम्रो आर्थिक सहायता नीति र हामीले गर्न सक्ने सङ्कलन क्रियाकलापहरूको बारेमा बीमा नगरिएका बिरामीहरूलाई जानकारी गराउनेछ, कृपया CMC को बिलिङ र सङ्कलन नीति हेर्नुहोस्। तपाईंले व्यक्तिगत रूपमा वा मेलमार्फत CMC Billing Department, 195 McGregor St, Manchester, New Hampshire, 03102 मा (603) 663-8772 वा (603) 663-6780 मा कल गरेर वा अनलाइनमा www.catholicmedicalcenter.org मा यो पूर्ण नीतिको निःशुल्क प्रतिलिपि पठाउन अनुरोध गर्न सक्नुहुन्छ।

**सेवाहरूको लागि भुक्तान गर्ने आफ्नो क्षमताको बारेमा चिन्तित वा CMC को आर्थिक सहायताको बारेमा थप जान्न चाहने बिरामीहरूले (603) 663-8772 र (603) 663-6780 मा बिरामी वित्तीय सेवा विभागलाई सम्पर्क गर्नुपर्दछ।**